
सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१२
फागुन, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको बाह्रौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरि उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउँदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल



**ज्वालामुखि, धादिङ**

"वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई केहि समस्या जस्तै: म्यानपावर कम्पनीबाट ठगी, विदेशमा अलपत्र परेमा, स्थानीय सरकारले त्यस्ता मुद्दाको सुनुवाई गर्छ कि गर्दैन ?"

**धुलिखेल, काभ्रेपलाञ्चोक**

"वैदेशिक रोजगारी सम्बन्धि उजुरी दर्ता गर्न पनि काठमाण्डौ नै पुग्नु पर्ने हो कि, जिल्लामा पनि उजुरी दर्ता गर्न मिल्छ ?"

## जवाफ

हाल सम्म कुनै पनि व्यक्तिले वैदेशिक रोजगरी सम्बन्धि उजुरी स्थानीय निकायमा दिन मिल्ने व्यवस्था छैन। तर, अहिलेको अवस्थामा स्थानीय सरकार सञ्चालन कार्यविधि स्थानीय सरकार आफैले बनाउने हुँदा सामान्य किसिमका मुद्दा स्थानीय स्तरमा हेर्न मिल्ने गरी वैदेशिक रोजगारीको विषयलाई पनि समावेश गर्ने सम्भावना छ।

बिधमान् व्यवस्थामा पनि वैदेशिक रोजगारीसंग सम्बन्धित उजुरीकै लागि कुनै पनि व्यक्ति काठमाण्डौ जानु पर्दैन। उनिहरूले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा गएर उजुरी दर्ता गर्न सक्दछन्।

उजुरीको प्रकृति हेरेर सामान्य लेनदेनका मुद्दाहरुको सुनुवाई जिल्ला प्रशासन कार्यालयले नै गर्दछ भने असामान्य मुद्दाहरू अगाडीको कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयले पनि काठमाण्डौ स्थीत वैदेशिक रोजगार विभागलाई नै पठाउँदछ।

उजुरी दर्ता भइसकेपछि वैदेशिक रोजगार विभागले सम्बन्धित व्यक्ति वा संस्था विरुद्द कारवाहिको लागि प्रकृया अगाडि बढाउँदछ।


**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग, काठमाण्डौ
००९७७-९८५११५५११०

**बिमला कुमारी शर्मा**
उप-मेयर
धुलिखेल नगरपालिका, काभ्रपलाङ्चोक
००९७७-९८४१५७८०६४

# प्रश्न

**धुनेवेंशी, धादिङ**

"के अब स्थानिय स्तरबाटै सबै प्रकारका मुद्दाको सुनुवाई हुन्छ ?"



**चौतारा, सिन्धुपाल्चोक**

"गाउँपालिका तथा नगरपालिका स्तरमा सुनुवाई भएका मुद्दाहरू सम्बन्धित पक्षलाई चित बुझेन भने पुनरावेदन गर्न पाउने व्यवस्था छ कि छैन ?"

**मण्डन देउपुर, काभ्रेपलाञ्चोक**

"हाल गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष तथा उप-प्रमुखको मातहतमा रहने न्यायिक समितिले के कस्ता मुद्दाहरू हेर्ने हो ? "

# जवाफ

कानुन तथा संघिय मामिला मन्त्रालयले जारी गरेको स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार, जन निर्वाचित उपाध्यक्ष वा उपप्रमुखले न्यायिक सिमतिको प्रमुख भई कार्य गर्ने भन्ने उल्लेख भएको छ।

उक्त न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ :

क. आलिधुर, बाँध पैनि, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
ख. अर्काको बाली नोक्सानी गरेको
ग. चरन, घाँस, दाउरा,
घ. ज्याला मजुरी नदिएको,
ङ. घरपालुवा पशुपंछी हराएको वा पाएको,
च. जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
छ. नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
ज. वार्षिक पच्चिस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घरबहाल सुविधा,
झ. अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको
ञ. आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
ट. संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको,
ठ. कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,
ड. संघिय वा प्रदेश कानुनले स्थानिय तहबाट निरुपण हुने भनि तोकिएका अन्य विवाद।

न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

न्यायिक समितिबाट भएको निर्णयमा चित नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

| स्रोत | स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ |
|---|---|


# हल्ला

## बिदुर, नुवाकोट

"वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले गरेको बिमा परिवारका सदस्यहरूलाई पनि लागु हुन्छ भन्ने सुनिन्छ । साँचो कुरा के हो ?"

## धुनेवेंशी, धादिङ

"वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारका सदस्यको उपचार खर्च वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले उपलब्ध गराउँछ रे !"




# यथार्थ

वैदेशिक रोजगारीमा गएको कामदारको परिवारको सदस्य बिरामी जस्तैः क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, पार्किन्सन र अल्जाईमर गरी ५ वटा गम्भीर रोग भएमा रु. ५0,000/- (पचास हजार रुपैयाँ) सम्म औषधि उपचार खर्च बापत वैदेशिक रोजगार प्रवर्द्धन वोर्डले उपलब्ध गराउने व्यवस्था रहेको छ । तर, उपचार खर्च दावि गर्दा सम्बन्धित कामदारको परिवारको सदस्य भएको प्रमाण दिने कागजातसंगै मेडिकल रिपोर्ट र उपचार खर्चको सक्कल बिल पेश गर्नु पर्ने हुन्छ ।

बिमाको सन्दर्भमा भने, जुन व्यक्तिको नाममा बिमा गरीएकोछ उसको हकमा मात्र दावि गर्न सकिने व्यवस्था छ । यदि बिमितको मृत्यु भयो भनेमात्र उसको परिवारका सदस्यले तोकिएको समयावधि भित्र बिमा दावि गर्न सक्दछन् ।

तारा बहादुर कुँवर
सहायक निर्देशक
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
नयाँबानेश्वर, काठमाण्डौ
00९७७-९८४७८४३४६९/९८५१२१४१0९

# मेरो कथा – अनुभुती र भोगाई





## शम्भु जंग

### बिदुर, नुवाकोट

बिदुर नगरपालिका वडा नं. १० गेर्खुखोलाका ३५ वर्षिय शम्भु जंग पाण्डे वैदेशिक रोजगारीको शिलशिलामा साउदीको गार्डेन कम्पनीमा काम गर्दै आईरहेका थिए । काम गर्दै गर्दा उनि बिरामी परे । त्यहाँ उपचार सम्भव नदेखे पछि कम्पनीसंग विदा स्वीकृत गराएर नेपाल फर्किने हवाईजहाजको टिकटको पर्खाईमा थिए । सोही क्रममा २०७४ श्रावण ११ गते उनि काम गर्ने कम्पनी नजिकैको समुद्री किनारमा मृत अवस्थामा फेला परे । उनको मृत्युको खबर उनिसंगै एउटै कम्पनीमा काम गरीरहेका उनका आफन्तले नेपाल स्थीत उनका परिवारलाई गरे ।

परिवारलाई घरको महत्वपूर्ण सदस्य गुमाएको पिडा त छँदै थियो, त्यसमाथि मृतकको शव नेपाल कसरी ल्याउने भन्ने चिन्ताले पिरोली रहेको थियो । यसै क्रममा मृतक शम्भु जंग पाण्डेका भान्जा विष्णु खड्काले सिटिजन हेल्पडेस्कस्का Community Frontline Associate (CFA) नमुना बोगटीसंग सहयोगको लागि अनुरोध गरेका थिए । बोगटीकै सहयोगमा मृतकका भान्जा विष्णु खड्काले निवेदन लेखेर आवश्यक कागजात संकलन गरी वैदेशिक रोजगारीमा गएका व्यक्ति र  परिवारका सदस्यहरुको अधिकारको पक्षमा काम गर्ने संस्था Center for Migration and International Relations (CMIR) लाई मृतकको लाश नेपाल फर्काउने प्रकृया अगाडी बढाउन अनुरोध गरेका थिए । प्रकृया थालेको ३ महिना पछि नेपाल स्थीत उनका परिवारका सदस्यले उनको शव बुझे ।

त्यस पछि CMIR कै पहलमा निज पाण्डेकि श्रीमतिले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट  पाउनुपर्ने सहायता रकम रु. ३००,०००/- (तिन लाख) बुझि सकेकी छिन् भने बिमा दावि बापत पाउनु पर्ने रकमको प्रकृया अगाडि बढिसकेको छ । नुवाकोट स्थीत सिटिजन हेल्पडेस्कस्का CFA नमुना बोगटीकै पहलमा मृतक शम्भु जंग पाण्डेका एकजना छोरा र एक जना छोरीलाई छात्रवृतिको लागि पनि पहल गरीसकिएको छ ।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- वैदेशिक रोजगारीका शिलशिलामा मृत्यु अंगभंग गम्भिर बिरामी भएका कामदारको परिवारका सदस्यलाई छात्रवृति निःशुल्क एक वर्षे पेशागत तालिम छात्रवृत्ति उपलब्ध गराईने सूचना(Link)
- बैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरुको नामावली (Link)
- स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरीरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७४ माघ १८ गतेदेखि २०७४ फागुन १६ गतेसम्म ४ जिल्लाका करिब ३७५ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

## Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।

accountabilitylab

Local Interventions Group
data - driven development